༄། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གྲོང་སྡེ་ཁག།

**खुम्बु पासाङल्हामु गाउँपालिका**

**Khumbu Pasanglhamu Rural Municipality**

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

सूचना नं. १५७-२०८२/०८३

## कुकुर तथा बिरालो बन्ध्याकरण एवं रेविज खोप शिविर सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८३/०३/११**

खुम्बु पासाङल्हामु गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम (आ.ब.०८२/०८३) अन्तर्गत यस वर्ष प्राविधिक तथा व्यावहारिक कारणवश गाउँपालिकाभरि यो अभियान संचालन गर्न नसकिए तापनि, **वडा नं. २ लुक्लालाई केन्द्र बनाएर** वडा नं. २ र ३ का सम्पूर्ण घरपालुवा तथा सामुदायिक कुकुर र बिरालोहरूका लागि **नि:शुल्क बन्ध्याकरण तथा रेविज खोप अभियान** संचालन हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराइन्छ।

कुकुर र बिरालाको अनियन्त्रित वृद्धि रोक्न र यिनीहरूका माध्यमबाट फैलिन सक्ने घातक रेविज रोग नियन्त्रण गरी समाजलाई सुरक्षित बनाउने यस मानवीय कार्यमा देहाय बमोजिम सहभागिता जनाई सहयोग गरिदिनुहुन वडा नं. २ र ३ का सम्पूर्ण बासिन्दाहरूमा हार्दिक अनुरोध गर्दछौं।

### शिविर सम्बन्धी विवरण:

- **शिविर संचालन हुने मिति:** २०८३ साल असार १४ र १५ गते (दुई दिन)
- **शिविर स्थल:** लुक्ला, खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं २
- **सेवाहरू:** नि:शुल्क बन्ध्याकरण र रेविज विरुद्धको खोप (Rabies Vaccine)
- **विशेषज्ञता:** बन्ध्याकरण कार्य विशेष अनुभवी पशु चिकित्सकहरूद्वारा सम्पन्न गरिनेछ।

### महत्त्वपूर्ण निर्देशन तथा प्रोत्साहन भत्ता:

1. **घरपालुवा कुकुर/बिरालो:** घरपालुवा कुकुरं तथा बिरालाहरू ३ महिना भन्दा माथिको उमेरका हुनु पर्ने छ। सम्बन्धित घरधनी आफैंले सुरक्षित रूपमा शिविर स्थलसम्म ल्याउनु पर्नेछ।
2. **सामुदायिक (अनाथ/भूस्याहा) कुकुर:** सामुदायिक कुकुरहरूलाई शिविरसम्म ल्याउने स्थानीय नागरिकहरूका लागि प्रोत्साहन खर्चको व्यवस्था गरिएको छ:
    - **१ किलोमिटर भन्दा टाढाबाट** ल्याउनेलाई: **रु. १,०००/-** (प्रति कुकुर)
    - **१ किलोमिटर भित्रको (नजिकैको) दूरीबाट** ल्याउनेलाई: **रु. ५००/-** (प्रति कुकुर)

**विशेष अनुरोध:** समयमै आफ्ना घरपालुवा तथा वरपरका सामुदायिक कुकुर र बिरालाहरूलाई शिविर स्थलमा पुऱ्याई यस सुनौलो अवसरको लाभ उठाउनु हुन र रेविजमुक्त गाउँपालिका बनाउने अभियानमा आफ्नो नागरिक दायित्व निभाउनु हुन हार्दिक अपिल गरिन्छ।

**थप जानकारीको लागि:** खुम्बु पासाङल्हामु गाउँपालिका पशुपन्छी विकास शाखा सम्पर्क नं. ९८५२८५२६५१/९८६८३६४५३७

नवराज गौतम

प्रमुख प्रशासकीय अधिकृत

Email: ito.khumbupasanglhamumun@gmail.com, Phone: +97738590046